नेपाली राजदूतावास
पेरिस, फ्रान्स

**पोर्चुगलमा राहदानी नवीकरण सम्बन्धी घुम्ती सेवा संचालन हुने सम्बन्धी सूचना ।।**

यस राजदूतावासले पोर्चुगल तथा सो को आसपासमा रहेका नेपालीहरूको राहदानी नवीकरण गर्नको लागि यही २०२४ अगष्ट २ देखि ११ सम्म पोर्चुगलको **राजधानी लिस्वनमा** विद्युतीय राहदानी आवेदन संकलन सेवा उपलब्ध गराइने भएकोले आवश्यकता अनुसार सेवा लिनु हुन सूचित गरिएको छ ।

मितिः २०८१ साउन १८ देखि २७ (२ देखि ११ अगष्ट २०२४)
समयः बिहान ८:०० देखि बेलुका १७:०० बजेसम्म
सेवाः विद्युतीय राहदानी आवेदन (e-Passport enrollment)
**कार्यक्रम स्थलः अर्को सूचनामा प्रकाशित गरिनेछ।**

**राहदानी आवेदन दिने तरिका**

घुम्ती सेवा अन्तर्गत राहदानी आवेदन दिनका लागि निम्न प्रक्रिया अपनाउनु होला ।

१. दूतावासको वेब पेजमा दिइए अनुसार राहदानीका लागि अनलाइन आवेदन फाराम भर्नुहोस् । (राहदानी आवेदन फाराम **भर्न यहाँ थिच्नु होस**) फाराम भर्दा आवेदन दिने स्थान पोर्चुगल उपलब्ध हुने छैन त्यस कारण **NE, Paris** छनौट गर्नुहोस् ।
२. मिति २ देखि ११ अगष्ट २०२४ (घुम्ती सेवाको लागि मात्र) का कुनै दिन छान्नुहोस् र उक्त मितिमा आफूलाई अनुकूल हुने समय छनौट गर्नु होस् ।
३. तत्पश्चात् रीत पूर्वक राहदानी आवेदन फाराम भर्नु होस् ।
४. फाराम भर्दा नागरिकता नम्बरको स्थानमा स्लास/हाईफनहरु (जस्तै /,- आदि) नआउने भएकोले नागरिकता नम्बर मात्र उल्लेख गर्ने। उक्त नम्बर राहदानीमा उल्लेख भएको नम्बरसँग मेल खान्छ खाँदैन निश्चित गर्ने।
५. हालको राहदानी जारी भएको स्थानमा राहदानी विभाग नारायणहिटीमा बनाएको भए Department of Passports, जिल्ला प्रशासन कार्यालयबाट बनाएको भए सोही जिल्ला र विदेशस्थित नेपाली नियोगहरुमा बनाएको भए Other छनौट गरी सम्बन्धित देश छनौट गर्ने।
६. सम्पर्क गर्ने व्यक्तिको नाम नेपालमा रहेका घरपरिवारका सदस्यको नाम राख्ने, आफ्नो नाम नराख्ने।
७. याद गर्नुहोस् सेवाग्राहीको चाँपका कारण छिटो सेवा दिनु पर्ने भएकोले राहदानी आवेदन दिने समयमा सच्चाउन कठीन हुनेछ । साथै राहदानी आवेदन दिई सके पश्चात् राहदानी तयार हुने र उक्त राहदानीमा त्रुटि हुन गएमा पुनः राजस्व तिरी राहदानी बनाउनु पर्ने भएकोले राहदानी

45 bis, rue des Acacias, 75017 Paris, France. Tel: +33-1-77 13 82 71 Fax: 42 27 08 65
Email: nepalinparis@noos.fr Website: fr.nepalembassy.gov.np

आवेदन फाराम भर्दा ध्यान पूर्वक भर्नु होला । साथै आवश्यक सबै कागजात (3००KB भन्दा कमको कलर JPEG स्क्यान) अपलोड गर्नु होला ।

८. राहदानी आवेदन पुरा भए पछि तपाईले फाराम डाउनलोड गर्नु होस् ।

❖ तपाईले भरेको फाराम दूतावास/राहदानी विभागले Verification गरिसकेपछि तपाईले दिएको ईमेल वा WhatsApp नं. मा जानकारी दिइनेछ। Verification को लागि निम्न लिंकमा गई आफ्नो विवरण भर्ने।

https://docs.google.com/forms/d/19Fn7Pv०TQUsDFcCNBTtSidp1FPDtPW9FQh८CDbdiMn4/edit?ts=66937b4e

फाराम भेरिफिकेशन भएको जानकारी पाएपछि राजदूतावासको खातामा राहदानी दस्तुर बैंक ट्रान्सफर गरी तिर्नुहोला र तस्तुर तिरेको कागजात राजदूतावासको ईमेल (nepalembassyparis@mofa.gov.np) मा पठाउनुहोला। राजदूतावासले बुझिलिएको राजश्व रसिद जारी गरी तपाईलाई पठाउनेछ।

❖ राजस्व रकम तथा अन्य जानकारीका लागि राहदानी पेजमा हेर्नु होला ।

राहदानीका लागि लाग्ने राजस्व दस्तुरः

| सि. नं. | सेवा | शूल्क |
|---|---|---|
| १. | नयाँ राहदानी बनाउन/ नविकरण गर्न | १० वर्ष माथिका हकमा १२० युरो – ३४ पृष्ठको लागि<br>१० वर्ष मुनिका नाबालकको हकमा ६० युरो – ३४ पृष्ठको लागि |
| २. | हराएको/बिग्रिएको राहदानी बनाउन | १० वर्ष माथिका हकमा २४० युरो – ३४ पृष्ठको लागि<br>१० वर्ष मुनिका नाबालकको हकमा १२० युरो – ३४ पृष्ठको लागि |

**पुनश्चः**

- आफूसँग राहदानी छ र सो को वहाल अवधी एक वर्षभन्दा कम छ वा राहदानीको पाना सकिई सकेको छ भने राहदानी **नवीकरण (Renewal)** को फाराम भर्ने र सो अनुसार राजश्व तिर्ने।
- आपूसँग राहदानी छैन, हराएको छ भने हराएको (Lost) फाराम भर्ने र सो अनुसार राजश्व तिर्ने।
- अन्य अवस्थामा विग्रिएको (Damage) फाराम भर्ने र सो अनुसार राजश्व तिर्ने।

थप जानकारीको लागिः

नेपाली राजदूतावास, पेरिसको वेबसाइटः- (https://fr.nepalembassy.gov.np/epassport/)

राहदानी विभाग, त्रिपुरेश्वर, काठमाण्डौः श्री किरणकुमार गुरुङ (+977-9843716045), श्री मोतिबहादुर श्रीस (+977-9849207098)

नेपाली राजदूतावास पेरिस, श्री दिपेन्द्र प्रसाद साह +33615862067